नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना (दोस्रो)**
**(Enhanced Vocational Education and Training Project -II)**
बुद्धनगर, काठमाडौं

फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्सः०१-४७८६५५०

प.सं 066/068
च.नं. 95

मितिः २०७७।०४।२९

विषयः पहिलो किस्ता वापतको १० प्रतिशत रकम भुक्तानी सम्वन्धमा

सम्बन्धित तालिम तथा रोजगार प्रदायक संस्थाहरु,

यस परियोजना अन्तरगत आ.व. २०७६/०७७ मा तेस्रो चरणका ३९० घण्टे नतिजामा आधारित छोटो अवधिको तालिम (RBST Level-1, VSBT Level-1, RBST Level-2) सञ्चालनका लागि यस परियोजना र तालिम प्रदायक संस्थाहरुबीच भएको सम्झौता बमोजिम तालिम सञ्चालन भइरहेको अवस्थामा विश्वव्यापी COVID-19 संक्रमणको प्रभाव नेपालमा पनि परेको कारण माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/०५ को आठौं बैठकको निर्णय तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६/१२/०५ को अत्यन्त जरूरी सूचनालाई आधार लिई यस परियोजनाको लगानीमा गत आ.व.२०७६/०७७ मा सञ्चालित नतिजामा आधारित छोटो अवधिको तालिम तह १ र तह २ तथा भौचरमा आधारित तालिम तह १ लगायतका सम्पूर्ण तालिम कार्यक्रमहरु परियोजनाको मिति २०७६।१२। ०७ को निर्णय तथा सूचना अनुसार २०७६ चैत्र मसान्तसम्मका लागि स्थगन गरिएको । बन्दाबन्दीको निरन्तरताका कारण भएको नेपाल सरकारको निर्देशन बमोजिम तालिम कार्यक्रम सञ्चालन गर्न नसकिएको । उक्त परिपेक्ष्य मा केही तालिम तथा रोजगार प्रदायक संस्थाहरुको बाहेक पहिलो किस्ता बापतको १० प्रतिशतले हुने रकम भुक्तानी गर्न नसकिएको तथा साविकमा यस परियोजनाबाट उक्त रकम भुक्तानी गर्दा सम्बन्धित संस्थाले प्राप्त गरेका सबै तालिम समूहको अनुगमन पुरा भए पछि मात्र भुक्तानी गर्ने गरिएकोमा विद्यमान परिस्थितिलाई मध्यनजर गर्दै हाल तालिम प्रदायक संस्थाहरुबाट सञ्चालित कार्यक्रम मध्ये जति वटा समूहको अनुगमन भएको छ सोही अनुगमन भएको संख्याको आधारमै भए पनि पहिलो किस्ता भुक्तानीका लागि पटक पटक मौखिक अनुरोध भई आएको सन्दर्भमा हाललाई नतिजामा आधारित छोटो अवधिको तालिम तह १ र २ (RBST Level-1 & 2) का लागि इन्स्योर परियोजनाको नेतृत्वको संयुक्त अनुगमन टोलीबाट अनुगमन भएको प्रमाणित संख्या एवम् सिफारिस गरिएको संख्याका आधारमा सिफारिस भएका र अनुगमन हुन बाँकी तालिम समुहको अलग अलग समुह (Training Batch) तयार गरी सिफारिस भएको समूहको मात्र पहिलो किस्ता बापतको रकम भुक्तानी लिन इच्छुक संस्थाहरुले भुक्तानीका लागि परियोजना सचिवालयमा माग गर्नुहुन सम्बन्धित सवैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

2077/4/29

..................
चन्द्रकान्त भुसाल
परियोजना निर्देशक